नेपाल धितोपत्र बोर्ड बाट अनुमतिपत्र प्राप्त

# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An Undertaking Government of Nepal)

## प्रेश विज्ञप्ति

यस लि.को मिति २०७४/०९/१७ को निर्णय अनुसार आज मिति २०७४/०९/२३ गते आईतबारदेखि साबिकमा 'वित्त' समूह अन्तर्गत राखी कारोबार गर्दै /गराईंदै आएको सूचीकृत कम्पनी नागरिक लगानी कोषलाई 'अन्य' समूहमा सारिएको छ । नागरिक लगानी कोष र वित्त समूहमा रहेका सूचीकृत कम्पनीहरुको व्यावसायिक प्रकृतिमा रहेको भिन्नतालाई दृष्टिगत गर्दै नेप्सेले यो निर्णय गरेको हो । समान प्रकृतिका कम्पनीलाई एउटै समूहमा राखी कारोबार गर्ने/गराउने तथा सोही अनुरुप बजार तथा समूहगत परिसूचक निर्माण गर्दा बजारको अवस्थाका सम्बन्धमा सरोकारवालाहरुले बढी यथार्थपरक सूचना प्राप्त गर्ने विश्वास नेप्सेले लिएको छ ।

साथै, नेप्सेले २५ औं वार्षिक उत्सवलाई विभिन्न कार्यक्रमहरु गरी मनाउने सिलसिलमा आज आईतबार कार्यालय प्रांगणमा रक्तदान कार्यक्रम आयोजना गरेको छ । उक्त रक्तदान कार्यक्रममा नेप्से कर्मचारी, सदस्य दलाल लगायत ५२ जनाले रक्तदान गरेका छन् ।

मिति : २०७४/०९/२३

मुराहरि पराजुली

प्रवक्ता

पो. ब. नं. १५५०, सिंहदरबार प्लाजा, काठमाण्डौ, नेपाल ।
**P. O. Box 1550, Singhdarbar Plaza, Kathmandu, Nepal.**
**Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538**
**email : info@ nepalstock.com**